# आर्थिक वर्ष २०७५/ ७६को

# बजेट

महाभारत गाउँपालिका

**३ नं. प्रदेश, नेपाल**

महाभारत गाँउपालिका

आदरणीय यस गरिमामय सभामा उपस्थित अध्ययक्षज्यू, वडा अध्यक्षज्यरुहरु, कार्यपालिकाका सदस्यज्यूहरु, राष्टसेवक कर्मचारीहरु, महाभारत गाउँपालिकाको तर्फबाट विकासको लागिमार्गदशनका रुपमा रहने आगामीआ.व. २०७५।७६को वार्षिक बजेट जानकारी गराउन पाउँदाअत्यन्तै खुशीलागेको छ ।

परिचय :

काभ्रेपलाञ्चोक जिल्लाको दक्षिण भेगमा अवस्थित महाभारत गाउँपालिकाको कूल क्षेत्रफल १८६ वर्ग कि.मि. रहेको छ । यसको कूल जनसंख्या १८,२८३ रहेको छ । आर्थिक, राजनीतिक, सामाजिक दृष्टिले निकै पिछडिएको ठाउँ हो यो । भौगोलिक दृष्टिले अति विकट र दुर्गम मानिएको यो ठाउँमा हाल सम्मजिल्ला सदरमुकाम सम्मजोड्ने एउटा मोटरबाटोको समेत सुविधा छैन । आफ्नो छुट्टै भौगोलिक, साँस्कृतिक, सामुदायिकपहिचानबोकेको यो गाउँपालिकामाविशेषरुपले तामाङ, मगर, बाहुन-क्षेत्री, माझि, नेवार, दलित, पहरी आदि समुदायको बसोबास रहेको छ । पुरानो संरचनाको गोकुले, फोक्सिङटार, बुढाखानी, बनखुचौर र घर्तिछाप गा.वि.स. मिलेर बनेको यस गाउँपालिकाको उत्तरी सिमानामा रोशीगाउँपालिका पहाडले घेरीएको छ भने पूर्वमासिन्धुलीजिल्ला, दक्षिणपूर्वमासिन्धुलीजिल्ला, पश्चिममखानीखोलागाउँपालिका पर्दछ । महाभारतको बीचमाबनखु केन्द्र अनिकाभ्रेको अग्लो सामुन्द्रिक सतहबाट अन्दाजी २००० हजार मि. उचाइमा रहेको ताराखासे लेक यसै गाउँपालिकामा पर्दछ । दक्षिण सिमानामाकोखाजोर नदी, पूर्वीमासिन्धुलीको रामपुर खोला र पश्चिमसिमानामाचौखोलानदीले यस गाउँपालिकालाई घेरिएको छ भने यस गाउँपालिकाको नामाकरण गरिएको महाभारत यसै गाउँपालिकाकाप्राकृतिक सम्पदाएवं सौन्दर्य हुन् । पूर्णतः कृषिमानिर्भरतायहाँको जनताको मुख्यआर्थिक श्रोत कृषि नै हो । यसैबाट यहाँकाजनताले दैनिकजीविकोपार्जन गर्दछन् ।

भूमिका

देशमा राजनीतिक संक्रमणकालको पूर्णतःअन्त्यभएको छ । गतवर्ष मंसिरमा सम्पन्न संघिय तथाप्रादेशिकनिर्वाचन पछि देशले स्थिरताको यात्रातर्फ आफ्नो कदम बढाएको छ । अस्थिर राजनितीकाकारण आजितभएको जनतामा स्थिरता सहितको दिगो विकासको आशा एउटा नयाँउत्साहमा बदलिसकेको छ । भर्खरै सम्पन्न संघिय सरकार र प्रदेश सरकारले ल्याएको नीतितथा बजेट कार्यक्रमले पनिहामीमाकामगर्ने नयाँजोश र जाँगर पैदा गरेको छ । यिनै जोश र जाँगरको जगमाउभेर यस महाँभारत गाउँपालिकाको हाम्रो कार्यकालको दोस्रो वर्ष आर्थिक वर्ष ०७५।७६ को बजेट लिएर तपाईहरु सामु प्रस्तुतहुनपाउँदा म अत्यन्तै गर्ववान्वितभइरहेको कुरा तपाईहरु समक्ष बाड्न चाहान्छु । हामीलाई थाहा छ, हाम्रो गाउँपालिकाकाभ्रेको दुर दराजमा छ । हाम्राआवश्यकताहरु अन्नत छन्, सामाजिक, राजनीतिकएवम् भौतिकविकासको दुष्टिले हामी पछाडी नै छौ, अहिलेनै हामीले अन्य सहर उन्मूखगाउँपालिकासँगआफूलाई तुलनागर्ने बेलाभएको छैन । तर हाम्राप्रयत्नकमजोर छैनन् । छिटै नै हामीविकासमा फड्को मार्ने छौ । आजको यो नीति तथा कार्याक्रममा आधारित बजेट घोषणा मार्फत म पुनतपाईहरुलाई यो विश्वास दिलाउन चाहान्छु ।

आ.व २०७५/०७६ को वजेट तर्जुमागर्दा लिइएकाप्रमुखनीतिगतआधार र मुख्यमार्गदर्शन यस प्रकार रहेका छन् :

१. नेपालको संविधानले निर्देशित गरेका स्थानियतहको कामकतर्व्य तथाअधिकार सम्बन्धिविषयतथाप्राथामिकताहरु

२. स्थानिय सरकार संचालन ऐन , २०७४ को नीतिगतव्यवस्था र प्राथामिकताकाआधारहरु

३. राष्ट्रिय प्राकृतिक स्रोत तथावित्तआयोग ऐन ,२०७४ को नीतिगतव्यवस्था र प्राथामिकतातथा सन्तुलनकाआधारहरु

४. अन्तर सरकारी वित्तव्यवस्थापन ऐन ,२०७४ ले गरेको नीतिगतव्यवस्था

५. स्थानियतहको वार्षिक योजनातथा बजेट तर्जुमादिग्दर्शन ,२०७४ ले निर्दिष्ट गरेको वार्षिक योजनातथा बजेट तर्जुमाकाआधारहरु ।

६. नेपाल सरकार अर्थमन्त्रालयबाट समानीकरण अनुदान र राजश्व बाँडफाटको सिलिङ सहितको मार्गदर्शन

महाभारत गाउँपालिका

७. संघिय र प्रदेश सरकारले जारि गरेको नीतिकानूनतथा मापदण्डहरु

८.संघिय सरकार र प्रदेश तहबाट प्राप्तअन्यमार्गदर्शन एवम् निर्देशकतथा सुझावहरु ।

९.चौधौ योजनाले निर्दिष्ट गरेकालक्ष्यएवम् उद्देश्यहरु ।

१०. जनतासँगमतमाग्दाव्यक्त गरेका प्रतिवद्धता पत्रतथा समय समयमागरिएका सार्वजनिक वचनबद्धताहरु ।

## बजेट तथा कार्यक्रम

अव म आगामी आ.व. ०७५/ ७६ मा संचालन गरिने प्रमुख कार्यक्रमहरू र विनियोजित बजेटविवरण प्रस्तुत गर्न अनुमती चाहन्छु ।

संघिय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान अन्तर्गत रु.६ करोड ९९ लाख, सशर्त अनुदान तर्फ रु. ९ करोड ५० लाख, राजश्व बाँडफाँड तर्फ ५ करोड ९७ लाख १५ हजार अनुमानित गरी कुल रु २२ करोड ४६ लाख १५ हजार

त्यस्तै प्रदेशबाट,

वित्तीय समानीकरण अनुदान अन्तर्गत रु. ७६ लाख ७५ हजार, सशर्त अनुदान तर्फ रु. १ करोड ९८ लाख १३ हजार,बिशेष अनुदान तर्फ ५ करोड कुल रु ७ करोड ७४ लाख ८८ हजार

त्यस्तै

आ.व. ०७५।७६ को राजस्व आय प्रक्षेपण रु. ४० लाख,चालु आ.ब.को अनुमानित नगद मौज्दात रु. ४ करोड ५० लाख गरी

**आ.ब. ०७५।७६ को कुल बजेट ३५ करोड ११ लाख ३ हजार** रुपैयाँ रहेको छ ।

जसमध्ये खर्च तर्फ संघीय सरकारबाट प्राप्त बित्तय समानीकरण अनुदान तथा राजश्व बाँडफाँड, प्रदेश तहबाट प्राप्त बित्तिय समानीकरण अनुदान तथा बिशेष अनुदान (प्रदेशबाट) आन्तरीक आय र चालु आ.व को मौज्दात समेत जम्मा रकम रु २३ करोड ६२लाख ९० हजार रकम मध्येसंचालन खर्च तर्फ रु. ४ करोड ५० लाख र विकास बजेट तर्फ रु १९ करोड १२ लाख ९० हजार विनियोजन गरेको छु ।

संघ बाट सशर्त अनुदान तर्फ प्राप्त रु ९ करोड ५० लाख तथा प्रदेशबाट शशर्त अनुदान तर्फ प्राप्त रु १ करोड ९८ लाख १३ हजार रकम गरी जम्मा रु ११ करोड ४८ लाख १३ हजार रकमलाइ तत् तत् तहबाट नै तय भइ आए बमोजिम खर्च गरिनेछ ।

विनियोजन गरिएको रकम मध्ये यस गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरुतथा विभिन्न विषयगत कार्यालय समेतको लागि संचालन खर्च तर्फ रु ४ करोड ५० लाख विनियोजन गरिनुको साथै विकास बजेट तर्फ रु १९ करोड १२ लाख ९० हजार रकम विनियोजन गरिएको छ।

महाभारत गाउँपालिका

### विषयक्षेत्रगत बजेट

बिकास,बजेट अन्तर्गत छुट्याइएको रु. १९ करोड १२ लाख ९० हजार रकम लाइ  महाभारत गाउँपालिकाको समस्टिगत विषय क्षेत्रको आधारमा निम्नानुसार रकम विनियोजन गरिएको छ ।

## आर्थिक  विकास

| क्रम संख्या | कार्यक्रम | निसर्तअनुदान (रु हजारमा) | सशर्त अनुदान (रु हजारमा) | जम्मा |
|---|---|---|---|---|
| १. | कृषि | ३०५० | २०७५ | ५१२५ |
| २. | पशु विकास | २८४० | १४६३ | ४३०३ |
| ३. | पर्यटन विकासकालागि | १००० | ० | १००० |
| ४ | सहकारी | ३०० | ० | ३०० |
| | जम्मा | ७१९० | ३५३८ | १०७२८ |

- आर्थिक क्षेत्र अन्तर्गत कृषि पशु पर्यटन सम्बन्धी कार्यक्रमको लागि रु १ करोड ७२ लाख ८ हजार विनियोजन गरिएको छ ।

## सामाजिक  विकास

| क्र.स | कार्याक्रमको नाम | निशर्त अनुदान(रु हजारमा) | सशर्त अनुदान(रु हजारमा) | जम्मा |
|---|---|---|---|---|
| १. | शिक्षा | ९५२० | ७२०६३ | ८१५८३ |
| २. | स्वास्थ्य | ५११३ | १९५२१ (प्रदेश सहित) | २४६३४ |
| ३. | खेलकुद तथा मनोरञ्जन | ५०० | १०० | ६०० |
| ४. | जेष्ठ नागरिक | ४०० | १३० | ५३० |
| ५. | महिला | १६६५ | ५५१ | २२१६ |
| ६ | बालबालिका | २०० | ५५ | २५५ |
| ७ | जनजाति(सस्कृति प्रवद्धन) | ४०० | ० | ४०० |
| ८ | अपाङग | २०० | ० | २०० |
| ९ | दलित | ३०० | ० | ३०० |
| | खानेपानि सरसफाई | ४४५० | ० | ४४५० |
| | संस्कृति प्रवद्धन | ५०० | ० | ५०० |
| | **जम्मा** | २३२४८ | ९२४२० | ११५६६८ |
| | | | | |

- सामाजिक विकास क्षेत्र अन्तर्गत शिक्षा स्वास्थ्य खेलकुद लक्षित वर्ग महिला बालबालिका साहित्य कला क्षेत्रका कार्यक्रमको लागि ११करोड ५६लाख ६८ हजार विनियोजन गरिएको छ।

## पुर्वाधार विकास

| **क्र.स** | **कार्याक्रम** | **सशर्त अनुदान(रु हजारमा)** | **निशर्त अनुदान(रु हजारमा)** | **जम्मा** |
|---|---|---|---|---|
| १ | डि.पि.आर(पुर्वाधार तर्फ) | ० | २०००० | २०००० |
| २ | उर्जा | १४२५ | १००० | २४२५ |
| ३ | रंगशाला निर्माण | ० | ५०० | ५०० |
| ४ | एकिकृत बस्ती बिकास अध्ययन | ० | १००० | १००० |
| ५ | भवन मर्मत | ० | ५५० | ५५० |
| ६ | गा.पा भवन तथा भवन कार्यालय निर्माण | ० | २५९०० | २५९०० |

महाभारत गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| ७ | सडक | १७००० | ८२९५२ | ९९९५२ |
| ८ | सिचाई | ० | १००० | १००० |
| ९ | गोरेटो बाटो | ० | १५० | १५० |
| १० | खेलकुद मैदान निर्माण र संस्थागत भवन निर्माण | ० | ३०० | ३०० |
| | **जम्मा** | **१८४२५** | **१३३३५२** | **१५१७७७** |

- पुर्वाधार विकास अन्तर्गत विभिन्न स्थानीय सडक भवन विद्युतीकरण सिचाइ आदि कार्यक्रमको लागि १५ करोड १७ लाख ७७ हजार विनियोजन गरिएको छ ।

वातावरण तथा विपद व्यवस्थापन

| क्र.स | कार्यक्रमको नाम | सशर्त अनुदान(रु हजारमा) | निशर्त अनुदान(रु हजारमा) | जम्मा |
|---|---|---|---|---|
| १ | वन तथा भुसंरक्षण | २०० | ८०० | १००० |
| २ | बातावरण सरसफाई | २३० | २०० | ४३० |
| ३ | बिपद व्यबस्थापन | ० | २००० | २००० |
| | **जम्मा** | **४३०** | **३०००** | **३४३०** |

- वातावरण तथा विपद व्यवस्थापन अन्तर्गत वातावरण संरक्षण विपद व्यवस्थापन जलाधार संरक्षण लगायतका क्षेत्रमा निशर्तबाट रु. ३० लाख र सशर्त अनुदानबाट ४ लाख ३० हजार विनियोजन गरि जम्मा रु. ३४ लाख ३० हजार बिनियोजन गरिएको छ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

| **क्र.स** | **कार्यक्रमको नाम** | **निसर्त अनुदान(रु हजारमा)** | **सशर्त अनुदान(रु हजारमा)** | **जम्मा -(रु.हजारमा)** |
|---|---|---|---|---|
| १ | संचालन खर्च | ४५००० | ० | ४५००० |
| २ | village profile | १५०० | ० | १५०० |
| ३ | दिगो बिकास | १५०० | ० | १५०० |
| ४ | परामर्श सेवा | १५०० | ० | १५०० |
| जम्मा | | | | **४९५००** |

संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ गाउँपालिका तथा कार्यालय निर्माणगाउँपालिकाको प्रोफाइल निर्माण, दिगो बिकास कानुनी परामर्श सेवा, कार्यालय व्यवस्थापन सूचना प्रविधी आदि क्षेत्रको लागि रु ४ करोड ९५ लाख रुपैयाँ विनियोजन गरिएको छ ।

महाभारत गाउँपालिका

**भैपरी आउने पुजिगत**

१.वर्तमान संक्रमकालीन अवस्थालाई मध्यनजर गरी आवश्यकता अनुसार पुन कार्यापालिकाको बैठकले खर्च शिर्षक किटान गरी खर्च गर्ने गरी निम्न शिर्षकमा भैपरी आउने पुजिगत मर्मत कोष र समपुरक अनुदानमा बजेट बिनियोजन गरिएको छ ।

१.भैपरी आउने पुजिगत: रु ५० लाख विनियोजन गरिएको छ।

२.मर्मत संभार कोष :रु ५० लाख बिनियोजन गरिएको छ ।

३.समपुरक अनुदान तर्फ:रु. १ करोड बिनियोजन गरिएको छ ।

श्रीमान् सभाध्यक्ष महोदय

गाउँसभाका सभासद ज्युहरु

यसरी आ.ब. ०७५।७६ को नीति तथा कार्यक्रम र बजेटको उत्तरार्धमा पुगिरहँदा बजेट बनाउन सहयोग पुर्याउनुहुने गाउँ कार्यपालिका, वडा समितिका पदाधिकारी ज्यहरु,राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति लगायत सम्पुर्ण विषयगत समितिका पदाधिकारी ज्युहरु,टोल वस्तिस्तरीय भेला देखि सहभागी भई आयोजना कार्यक्रम छनौटमा प्रत्यक्ष र परोक्ष रुपले सकृय जनसमुदाय, लगायत बजेट निर्माण प्रकृयामा प्रत्यक्ष र परोक्ष रुपले सहभागी हुनुहुने एवम् अमुल्य सहयोग, सद्भाव, सल्लाह दिनुहुने सम्पुर्णप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

गाउँपालिका भित्रका बस्ती तथा वडा तहबाट माग गरिएका बिकास कार्याक्रमहरुको सबै माग एकै पटक सम्बोधन गर्न गर्न नसकिने भएकोले यस बजेटले प्रत्यक्ष रुपमा सम्बोधन गर्न नसकेका योजना तथा कार्याक्रम आगामी गाउँ सभा तथा बजेटबाट क्रमश सम्बोधन गरोने व्यहोरा जानकारी गराउदै यो बजेट बक्तव्य यही अन्त गर्दछु ।

धन्यबाद।

चेतकुमारी माझी(उपाध्यक्ष)

महाभारत गाउँकार्यापालिका

मिति:२०७५-३-२८ गते

महाभारत गाउँपालिका